# खिजीदेम्वा गाउँपालिका
# खिजीफलाटे, ओखलढुंगा
# कोशी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

भाग:१ खण्ड:५ संख्या:५ मिति:२०८०/१२/१२

**कार्यपालिकाबाट जारी ऐन, नियमावली, निर्देशिका र कार्यविधि**

**नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

### खिजीदेम्वा गाउँपालिकाको
### खिजीदेम्वा गाउँपालिकाको पूर्वाधार विकास तथा सेवा व्यवस्था (नियमित र व्यवस्थित) गर्ने ऐन, २०८०

प्रस्तावनाः

खिजीदेम्वा गाउँपालिका क्षेत्र भित्र पूर्वाधार संरचनाको निर्माण, सन्चालन तथा व्यवस्थापन गरी नागरिकलाई शहरी योजना, पूर्वाधार सेवा, जलस्रोत तथा दिगो व्यवस्थापन गर्दै सार्वजनिक पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई सहभागी गराउदै वातावरण अनुकुल विकास कार्यलाई गाउँपालिकाको कार्यपद्धतीको रुपमा स्थापित गर्न, प्रभावकारी अनुगमनसहित सेवाई विधिसम्मत तथा गुणस्तरयुक्त बनाउन कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको सविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खिजीदेम्वा गाउँ पालिकका गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "खिजीदेम्वा पूर्वाधार विकास तथा सेवा व्यवस्था। नियमित र व्यवस्थित गर्ने ऐन, २०५० रहेको।

(२) यो ऐन गाउँसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट गाउँपालिका क्षेत्रमा तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,
(क) **अध्यक्ष** भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।
(ख) **उपाध्यक्ष** भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।
(ग) **गाउँपालिका** भन्नाले सविधान बमोजिम स्थापना भएको खिजीदेम्वा गाउँपालिका सम्झनुर्छ।
(घ) **कार्यपालिका** भन्नाले खिजीदेम्वा गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ।
(ङ) **गाउँ सभा** भन्नाले संविधानको धारा २२२ को उपधारा (१०) बमोजिमको गाउँ सभा सम्झनुपर्छ।

(च) **पूर्वाधार** भन्नाले यस ऐनमा अनुसूची १ मा उल्लेख भए बमोजिमका विषयसँग सम्बन्धित भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ ।

(छ) **जलश्रोत** भन्नाले गाउँपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानीको श्रोत सम्झनुपर्छ ।

(ज) **तोकिएको वा तोकिए बमोजिम** भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) **उपभोक्ता संस्था** भन्नाले पूर्वाधार सेवाबाट लाभ प्राप्त गर्ने समूह वा सामूदायिक संस्थालाई सम्झनु पर्दछ ।

(ञ) **अमानत** भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैले सिधै सम्पन्न गर्ने निर्माण कार्य या सेवा सम्बन्धी कार्य सम्झनु पर्छ ।

ट) **खोला तथा खोल्सी** भन्नाले सार्वजनिक रुपमा नियमित तथा बर्षायाममा पानी बग्ने स्थानलाई सम्झनुपर्दछ ।

ठ) **गोरेटो बाटो** भन्नाले परम्परागत रुपमा प्रयोग गर्ने नक्सामा भएको बाटो र परम्परागत रुपमा हिड्ने गरिएको तर नक्सामा नभएको गोरेटो बाटो समेतलाई सम्झनुपर्दछ ।

ड) **चक्रपथ** भन्नाले गाउँपालिका वा क्षेत्रलाई परिक्रमा हुने गरी निर्माण हुने/भएका सडकलाई सम्झनुपर्दछ ।

ढ) **टोलस्तरीय सडक** भन्नाले जिरो किमीदेखि १ किमीसम्मको सडकलाई सम्झनुपर्दछ ।

ण) **धार्मिक तथा सांस्कृतिक क्षेत्रको सडक** भन्नाले मूल सडकदेखि धार्मिक तथा सांस्कृतिक क्षेत्रसम्मको पहुँच मार्गलाई सम्झनुपर्दछ ।

त) **गाउँस्तरीय सडक** भन्नाले गाउँपालिका र अन्य स्थानीय तहलाई जोड्ने सडकलाई सम्झनुपर्दछ।

थ) **पूर्वाधार सुरपरीवेक्षण तथा अनुगमन समिति** भन्नाले दफा ...बमोजिमको पूर्वाधार सुपरीवेक्षण तथा अनुगमन समिति सम्झनुपर्दछ।

द) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले खिजीदेम्वा गाउँपालिकाको प्रशासनिक काम गर्न तोकिएको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

ध) **प्राकृतिक स्रोत** भन्नाले पानी, ढुंगा, माटो, बालुवा, जंगल, खानी जस्ता प्रकृति प्रद्यप्त स्रोतलाई सम्झनुपर्दछ।

न) **प्रादेशिक सडक** भन्नाले गाउँपालिका क्षेत्रभित्र निर्माण भएको प्रदेश मातहतको सडकलाई सम्झनुपर्दछ।

प) **फासल (सेट ब्याक)** भन्नाले सडकको किनारबाट छोडिने जग्गा भन्ने सम्झनुपर्दछ।

फ) **महशुल निर्धारण समिति** भन्नाले दफा १३ बमोजिमको खानेपानी तथा सिंचाई शुल्क निर्धारण समितिलाई सम्झनुपर्दछ।

ब) **राजकुलो तथा कुलो** भन्नाले नक्सामा भएको र परम्परागत रुपमा चलिरहेको पानी बग्ने कुलो सम्झनुपर्दछ।

भ) **राष्ट्रिय लोकमार्ग** भन्नाले गाउँपालिका क्षेत्रभित्र जोडिएका नेपाल सरकारले निर्माण गरेका राष्ट्रिय सडकलाई सम्झनुपर्दछ।

म) **वडास्तरीय सडक** भन्नाले वडा क्षेत्रभित्र रहेका १ देखि १० किलोमिटर लम्बाई सम्मको सडकलाई सम्झनुपर्दछ।

य) **शहरी सडक** भन्नाले बजार क्षेत्रभित्रका सडक भन्ने बुझ्नुपर्दछ र सो शब्दले गाउँपालिकाले शहरोन्मूख भनि चार किल्ला तोकि शहरी सडक नामाकरण गरी निर्णय गरेका सडक समेतलाई सम्झनुपर्दछ।

र) **सडक सिमा** भन्नाले गाउँपालिका सडकको चौडाई सम्झनुपर्दछ।

ल) **सडकको क्षेत्राधिकार** भन्नाले सडकको स्वामित्व भएको भूभागलाई सम्झनुपर्दछ।

व) **सहायक सडक** भन्नाले मूख्य सडकबाट वस्तीसम्म जाने १ कि.मी. सम्मको सडकलाई सम्झनुपर्दछ।

## परिच्छेद २

## सडक क्षेत्रको वर्गिकरण, क्षेत्राधिकार र फासल

**३. सडक क्षेत्रको वर्गिकरणः**

(१) गाउँपालिका भित्रका सडकको क्षेत्राधिकार देहाय बमोजिम हुनेछ।

क) चक्रपथको क्षेत्राधिकार १० मिटर चौडा हुनेछ।

ख) शहरी सडकको क्षेत्राधिकार ६ मिटर चौडा हुनेछ।

ग) गाउँस्तरीय सडकको क्षेत्राधिकार (आर, ओ, डब्लु) ८ मिटर चौडा हुनेछ।

घ) वडास्तरीय सडकको क्षेत्राधिकार (राइट अफ वे- ६ मिटर चौडा हुनेछ।

ङ) टोलस्तरीय सडकको क्षेत्राधिकार ६ मिटर चौडा हुनेछ।

च) गोरेटो बाटोः मानिस र चौपाया हिड्ने वस्तीबाट मूलबाटो वा वस्ती सडकसमम जोडिने अधिकतम १ कि.मी. लम्बाईका सडकलाई गोरेटो कम्तीमा २ फिट चौडाई भएको हुनेछ।

(२) उपदफा (१) बमोजिम सडकको घुम्ती तथा मोडमा ठूला सवारीको आवागमन समेतलाई मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत बढी हुने गरी निर्माण गर्नुपर्ने छ।

३) सडकको फासल (सेट ब्याक)

अ) गाउँपालिका क्षेत्रभित्रका सडकको फासल (सेट ब्याक) देहायनुसार हुनेछ।

१) गाउँपालिकाभित्रका सडकको क्षेत्राधिकार देहाय बमोजिम हुनेछ।

(क) चक्रपथको फासल २ मिटर हुनेछ।

(ख) शहरी सडकको फासल २ मिटर हुनेछ।

(ग) गाउँस्तरीय सडकको फासल २ मिटर हुनेछ।

(घ) वडास्तरीय सडकको फासल १५ मिटर हुनेछ।

(ङ) टोलस्तरीय सडकको फासल १.५ मिटर हुनेछ।

(च) गोरेटो बाटोको फासल १.५ मिटर हुनेछ।

(छ) सहायक सडकको फासल १.५ मिटर हुनेछ।

(ज) खोला खोल्सीको फासल प्राकृतिक बहावबाट देहाय बमोजिम हुनेछ;

(अ) मूख्य खोलाः २० मिटर

(आ) ठाडो खोलाः ४ मिटर

(इ) कुलो र खोल्सीः १.५ मिटर

४. **सडकको संस्थागत क्षेत्राधिकार मापदण्ड निर्धारण गर्नेः**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण हुने सडकहरुमा यातायातका साधन सञ्चालनको मापदण्ड तोक्न सक्ने छ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने र वजन आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ ।

**५. स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने**

(१) यस ऐनको दफा (३) बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र खिजीदेम्वा गाउँपालिकाको लागी शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड अनुरुप बाहेक कसैले सम्बन्धित अधिकारीको स्वीकृति बिना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गरेमा यस ऐन बमोजिम त्यस्ता संरचना भत्काई दिने अधिकार गाउँपालिकालाई हुनेछ ।

(२) कसैलाई कुनै कामका निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा भत्काउनुपर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काई निर्माण गर्न लाग्ने अनुमानित रकम प्राविधिक मुल्याङकन गराई

सम्बन्धित सरोकारवालाबाट धरौटि लिएर मात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

३) गाउँपालिकाले निर्माण गरेका सबै प्रकारका सडकहरु र प्रादेशिक तथा राष्ट्रिय लोकमार्गमा व्यक्ति वा संघ/संस्थाहरुले कुनै प्रकारको भौतिक संरचना निर्माण गर्दा यो ऐनमा उल्लेख फासल बाहेक दायाँबायाँ छज्जा खन्न चाहेमा छज्जा बराबरको थप फासल छोड्नुपर्ने छ ।

**६. सडकको आवागमनमा बाधा पुऱ्याउन नहुने:**

(१) कसैले सार्वजनिक सडकमा कुनै वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल हटाउनको निमित्त सरोकारवाला व्यक्तिको नाउँमा गाउँपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई गाउँपालिकाले लिलामि गरि प्राप्त रकम राजश्व खातामा दाखिला गरिने छ । मालिक पहिचान भएको तर अटेर गर्ने माल धनिलाई सामन हटाउन लाग्ने शुल्क समेत सम्बन्धितबाट भराउन सक्नेछ ।

## परिच्छेद ३

## जलस्रोतहरुको संरक्षण र उपयोग

**७. जलश्रोतको उपयोग:**

(१) गाउँपालिका भित्र रहेका भूमिगत वा सतही जलश्रोतको अनाधिकृत प्रयोगलाई निषेध गरी सोको संरक्षण गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) जलश्रोतको उपयोग गर्दा देहाय बमोजिमका उपयोगका लागि प्राथमिकता दिइनेछ :-

क) पिउने पानी

ख) सिंचाई

ग) पानी घट्ट, औद्यागेगिक वा निर्माण प्रयोजन (हुमि )

घ) जलविद्युत

ङ) जल पर्यटन (जलक्रिडा लगायत)

(३) गाउँपालिका क्षेत्रभित्र रहेका पानीको मुहान वा श्रोतको समुचित उपयोग गर्ने अधिकार गाउँपालिकालाई हुनेछ। मुहान सम्बन्धी विवादको निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ । जलश्रोत समिति मार्फत पहिचान गरि सुचिकृत गरिने छ ।

**८. अनुमति लिनु पर्नेः**

(१) यस ऐन बमोजिम अनुमति नलिई कसैले नि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलश्रोतको उपयोग गर्ने छैन ।

क) सार्वजनिक वा समूहगतरुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

ख) सामूहिक रुपमा जग्गाको सिंचाई गर्न,

ग) व्यावसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

घ) जलक्रिडा जस्ता मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्न,

ङ) जलक्रिडा जस्ता मनोरंजनात्मक क्रियाकलाप सञ्चालन गर्न,

च) व्यवसायिक रुपमा माईक्रो हाईड्रो, पानी घट्टा सञ्चालन गर्ने,

छ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न ।

(२) जलश्रोतको सामूहिक लाभ, व्यवसतीक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनुपर्दछ ।

(३) सो सम्बन्धी प्रयोजनका लागि आवश्यक परेमा सामुदायिक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र ब्यवसायीक उपयोगका लागि दर्तावाला कम्पनीले गाउँपालिका समक्ष सम्पूर्ण विवरण खुलाई निवेदन दिनु पर्नेछ। उक्त निवेदनको छानविन गरि स्विकृत गरिए पछि मात्र उक्त श्रोतको उपभोग गर्न पाईनेछ ।

(४) उपदफा (१) मा जे सुकै लेखिएको भएता पनि नेपाल सरकारको जलश्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुर्याउने छैन।

**९. खानेपानी, सिंचाई जस्ता जलस्रोतको सामुदायिक व्यवस्थापन** :-

(१) गाउँपालिका क्षेत्र भित्र खानेपानी, सिंचाई, पानी घट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलस्रोत उपयोग गर्न सम्बन्धित परेमा क्षेत्रका उपभोक्ताहरु मिली जल उलभोक्ता संस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नुपर्ने छ। एक घर एक धारा निती लाई मुख्य आधार बनाइ गाउँभित्र रहेका खानेपानीका श्रोतको पहिचान, त्यसको प्रयोग, उपलब्धता सहित बिस्तृत खानेपानी सर्भेक्षण गर्ने।

(२) यस ऐन तर्जुमा हुनु अघि अगावै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको योजनालाई यो जल जलश्रोत ऐन तर्जुमा भएको ६ महिना भित्र गाउँपालिकामा दर्ता गराउनुपर्दछ ।

**१०. जल उपभोक्ता संस्थाको गठन:**

(१) दफा ११ बमोजिम लागि गठन हुने उपभोक्ता संस्थामा ९ देखि १५ जना सदस्यहरु रहन सक्नेछन्। उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्दछ ।

(२) यसरी गठन गर्न चाहने समूहले देहायको विवरणहरु सहित गाउँपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछ :

(क) उपभोक्ता संस्थाको विधान मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्था अभिछिन्न उत्तराधिकारवाला संस्था हुने छ । एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्षको हुनेछ । अर्को पटकको लागि ३ वर्षे म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरुबाट नयाँसमितिको चयन गरि सोको जानकारी गाउँपालिकालाई दिनुपर्नेछ

(५) संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि, विधानमा तोकिए वमोजिम हुनेछ । यस संस्थाले वार्षिक लेखा परिक्षण र तिर्नुपर्ने कर फर्स्यौट गर्नुपर्ने छ । गाउँपालिकाको आर्थिक ऐन र प्रदेश कानूनले तोकेको जलस्रोत उपयोग कर तिर्नुपर्ने छ ।

(६) यसरी तोकिए बमोजिम विधि प्रक्रिया अवलम्वन गाउँमा गाउँपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द समेत गर्न सक्नेछ ।

**११. जलस्रोतको व्यवसायीक उपयोगका लागि अनुमति लिनुपर्नेः**

१) औद्योगिक प्रयोजन, जलमनोरञ्जन, १ मेगावाटसम्मको जलविद्युत आयोजना लगायतका जलस्रोतको व्यवसायीक उपयोगका लागि सो को उपयोग गर्ने प्रोप्राइटर, कम्पनी वा संस्थाले गाउँपालिकाबाट अनुमति लिनुपर्ने छ ।

(२) उपदफा १ वमोजिम एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्नुपरेमा देहायका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन दिनुपर्दछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संचरना समेत देखिने।,

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्या र किसिम,

(ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत

(च) परियोजना सञ्चालनमा पर्ने वातावरणिय जोखिमहरु, वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा गाउँपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीस दिनभित्र जलस्रोतको परिमाण, उपयोग अनुमतिको अवधि र वातावरणीय जोखिम न्यूनीकरणका शर्तहरू तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्ने छ।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपाइटर या संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले ३ महिनाभित्र अनुमति पत्रको लागि आवेदन दिनुपर्नेछ।

(५) अनुमतिपत्र प्राप्त व्यक्तिले जलस्रोतको उपयोग वापत स्थानीय र प्रदेश सरकारलाई कानून बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनुपर्नेछ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमतिपत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ।

## परिच्छेद ४

## स्थानीय खानेपानी तथा सिंचाई व्यवस्थापन सम्बन्धी व्यवस्था

**१२. स्थानीय खानेपानी बोर्ड गठन गर्न सक्ने** :

(१) गाउँपालिका क्षेत्रमा खानेपानी सेवालाई नियमित, र व्यवस्थित सुलभ बनाई भरपर्दो सेवा प्रदान गराउन गर्न स्थानीय खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ।

(२) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा वढि खानेपानी आयोजनाहरु मार्फत ५ सय भन्दा बढी धाराहरुबाट खानेपानी सेवा प्रवाह गरिरहेको अवस्थामा स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन् ।

(३) यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता संस्थाहरुले यस्तो बोर्ड गठनका लागि गाउँपालिका समक्ष आवेदन पेश गर्नुपर्ने छ । यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेश गर्नुपर्दछः-

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिका क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानीको परिमाण

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सञ्चालन गर्नको लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारकको लागि तयार गरिएको दीर्घकालीन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्थामार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी व्यहोरा,

(छ) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सन्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आबद्ध सम्पत्ति तथा दायित्व,

(ज) सञ्चालन तथा व्यवस्थापनका प्रस्तावित मोडेल,

(झ) आयोजना प्रवलीकरणको लागि लाग्ने लागत सहितको थप श्रोतको एकिन पहिचान र उपलब्धताको अवस्था। (४) उपदफा (३) बमोजिम परेका निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा गाउँपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ ।

(५) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

(६) बोर्डले खानेपानी आयोजनाको निर्माण, विस्तार, मर्मत सम्भार, महशुल असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफै गर्न सक्नेछ।

(७) उपदफा (२) र (३) बमोजिमको बोर्ड गठन गर्न तोकिए बमोजिम मापदण्ड पूरा गर्न नसक्ने जलउपभोक्ता संस्थालई साविककै हैसियतमा कामकाज गर्ने गरी गाउँपालिकाले व्यवस्था गर्नेछ।

**१३. खानेपानी तथा सिंचाईको शुल्क निर्धारणः**

(१) गाउँपालिकाले खानेपानीको महसूल निर्धारण गर्नको लागि देहायका सदस्यहरु भएको महसूल निर्धारण समिति गठन गर्नेछ- :

(क) गाउँपालिकाको प्रमुख अध्यक्ष

(ख) स्थानीय जल उपभोक्ता संस्थाहरुको प्रतिनिधि सदस्य

(ग) गाउँपालिकाको लेखा प्रमुख सदस्य सचिव

## परिच्छेद ५

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

**१४. स्वीकृति नलिई निर्माण तथा विकास गर्न नहुनेः**

(१) गाउँपालिकाको क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काइ पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा भयाल, ढोका, दलान बार्दली, कौशी, आदि थपघट गरी बनाउने वा सोसंग सम्बन्धित गर्नु गराउनु हुदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले खिजीदेम्वा गाउँपालिकाको लागी भवन निर्माण सम्बन्धि मापदण्ड, निर्देशिका र कार्यविधि तयार गरी लागू गर्नेछ

**१५. भवनको दर्ता** : गाउँपालिका भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ।

**१६. भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका क्षेत्रभित्र पक्कि भवन - आर सि सी स्ट्रक्चर निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लागि गाउँपालिका समक्ष दरखास्त दिंदा नक्सा साथ डिजाइन समेत पेश गर्नु पर्नेछ । तर, आर्किटेक्चरल र स्ट्रक्चरल डिजाईन नभएपनि नक्सापास गर्न मिल्ने भनी नेपाल सरकार वा कार्यपालिकाले तोकेको हकमा भने सोही बमोजिम हुनेछ।

(२) भवन निर्माण आवसीय भवनको हकमा २५० वर्ग मिटरसम्मको भवन बनाउँदा ३० प्रतिशत खाली जगगा छोड्नु पर्नेछ। सरकारी, अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नुपर्ने छ । तर, गाउँपालिकाले व्यवसायिक वा व्यापारिक क्षेत्रको हकमा खाली छोड्न पर्ने जग्गाको मापदण्ड बनाई कार्यान्वयन गर्न सक्नेछ।

३) जग्गाको अनियन्त्रित खण्डिकरणलाई निरुत्साहित गरिनेछ।

**१७. बस्ति विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्डः**

१) कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्र वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि छुट्टै मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सकिने छ।

२) उपदफा (१) बमोजिमको मापदण्डको आधारमा गाउँपालिकाभित्र कुनै व्यक्ति, समुदाय, संघ संस्था वा निकायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा बिकास गरी विक्री गर्ने उद्देश्यले वस्ती विकासको काम वा

परियोजना सञ्चालन गर्न चाहेमा वस्ती विकासको विस्तृत कार्य योजनासहित अनुमतिका लागि गाउँपालिकामा निवेदन दिनुपर्ने छ।
३) निर्माण हुने भवनहरुको वरिपरी दफा (४) बमोजिमको क्षेत्र बाहेक अन्यमा निम्नानुसार खुल्ला छोड्नु पर्नेछ।
क) आवासीय भवनः १ मिटर
ख) व्यापारिक र व्यवसायिक भवनः २ मिटर
ग) शैक्षिक भवनः ३ मिटर
घ) संस्थागत भवनः ३ मिटर
ङ) सभा सम्मेलन सामुदायिक भेला भवनः ६ मिटर
च) औद्योगिक भवनः १६ मिटर
ज) पेट्रोल पम्पः ९ मिटर
(४) यो मापदण्ड लागू हुनु अघि निर्माण भइसकेको पुराना भवनहरुको हकमा देहायको अवस्थामा गाउँपालिकाले तल्ला थप वगर्ने अनुमति प्रदान गर्न सक्नेछ।
क) निर्माण भईसकेका भवन निर्माण गर्दा भवन निर्माण संहिताको पालना भएको,
ख) सडकको क्षेत्राधिकार र फासल छोडर निर्माण भएको,
ग) प्राविधिक जाँच गर्दा तल्ला थप गर्न उपयूक्त देखिने प्रतिवेदन पेश भएको।
५) उपदफा (४) बमोजिम पुराना भवनमा तल्ला थपको अनुमति सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ। ६) गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने अस्थायी संचना हरेक दुई वर्षमा नवीकरण गर्ने गरी अभिलेखिकरण गर्न सकिनेछ।
७) निर्माण निषेध गरिएकोः
(१) गाउँपालिका क्षेत्रभित्र निजी, सामुदायिक वा संस्थागत रुपमा कुनै निर्माण गर्नु पर्दा देहायको कार्यलाई गर्न नपाउने गरी निषेध गरिएको छ।

क) नक्सापास नगरी कच्ची वा पक्की तथा अस्थायी वा स्थायी कुनै प्रकारको संरचना बनाउन,

ख) कार्यालयबाट स्वीकृत नक्सा भन्दा फरक पारी तला, छत भऱ्याङ, बलेनी, सटर आदि समेतका संचना निर्माण गर्न, ग) मूल सडकबाट शाखा सडक खोल्दा निकास वा नाला अवरोध गर्न,

घ) कार्यालयबाट स्वीकृती नलिई कुनै पनि बाटोको ट्र्याक खोल्न,

ङ) कार्यालयको स्वीकृती वेगर सार्वजनिक स्थलमा कुनै प्रकारको संरचना निर्माण गर्न,

च) कार्यालयको अनुमति नलिई पक्की सडक र ग्राभेल सडकको दायाँ वायाँ घडेरी निर्माण गर्न वा अन्य जुनसुकै प्रयोजनको लागि जग्गा सम्याउन वा खार्न ,

छ) आफ्नो घर कम्पाउण्ड, पसल वा व्यवसाय अगाडी सार्वजनिक जग्गा वा बाटोको क्षेत्राधिकार रहेको क्षेत्रमा कुनै पनि प्रकारको निर्माण सामग्री या व्यवसायिक वा अनय जुनसुकै प्रकृतिका सामग्री राख्न,

ज) सार्वजनिक जग्गा अतिक्रमण गरी कुनै संरचना निर्माण गर्न,

झ) कार्यालयबाट अनुमति नलिई खोला र सडकको किनारा छेउबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन गर्न,

ञ) सार्वजनिक पूर्वाधारलाई नोक्सान पुग्ने गरी सार्वजनिक वा निजी जग्गामा रहेको बोट, विरुवा वा रुख कटान गर्न, ट) दफा ४ को खण्ड (ज) बमोजिम प्रतिकुल हुने गरी विद्युत पोल विस्तार गर्न,

ठ) सडकमा बनेको स्थानीय संरचनाको स्वरुपलाई परिवर्तन गर्ने गरी ढल निर्माण वा अन्य कुनै कार्य गर्न।

ड) भौगोलिक सर्वेक्षण गरी गर्नुपर्ने कार्य सो नगरी सञ्चालन गर्न।

२) कसैलाई कुनै कामको लागि सार्वजनिक सडक वा सडक सिमा खन्न वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा कारणसहित निवेदन दिनुपर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने एकिन जाँचबुझ गरी खन्दा,

भत्काउँदा र त्यस्तै संरचनालाई पूर्ववत् अवस्थामा ल्याउँदा वा मर्मत सम्भार गर्दा लाग्ने अनुमानित रकम सम्बन्धित सरकोबालाबाट धरौटी लिएर मात्र गाउँपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ ।

३) चलिआएको कुनै सडकको विस्तार गर्नु परेमा, उक्त सडकको दायाँवायाँ थप जग्गा लिनु परेमा प्रचलित कानून बमोजिम हुनेछ ।

४) उपदफा (१) को खण्ड (च) बमोजिम कार्यालयको अनुमति लिंदा प्राविधिकको निरीक्षण प्रतिवेदन बमोजिम रु. ५० हजार वा कार्यपालिकाको निर्णय अनुसार धरौटी राख्नुपर्ने हुन्छ ।

८) भवन निर्माण गर्दा कृषि क्षेत्रको पहिचान गरी कृषि क्षेत्र घोषणा भएका क्षेत्रको संरक्षणका लागि निर्माण कार्यलाई रोक्ने । घोषित क्षेत्र भित्र कृषि उत्पादनलाई असर गर्ने उद्योगको स्थापनालाई रोक लगाउने । कृषिमा प्रविधी हस्तान्तरणलाई प्रमुख प्राथमिकता दिइने छ ।

## परिच्छेद ६

## पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

### १८. पूर्वाधार आयोजना तर्जुमाः

(१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्वन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका लागि योजना तर्जुमा गरि गाउँ सभाबाट पारित गर्नु पर्नेछ । तर, कुनै व्यक्ति संस्था वा निकायले योजना तर्जुमा नगरी गाउँसभाबाट पारित नगराई पूर्वाधार निर्माण, सञ्चालन र मर्मत योजना परियोजना तथा कार्यक्रम कार्यान्वयन गर्न सक्ने छैन ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहाय बमोजिम उल्लेख गरि आयोजनाको विवरण तयार गर्नु पर्नेछः-

(क) आयोजनाको लक्ष्य अवाश्यक्ता

(ख) आयोजनाबाट फाईदा पाउने जनताको संख्या र फाईदाको किसिम,

(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत,

(घ) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

( ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप

(छ) आयोजनको दिगोपनको योजना

**१९. लागत अनुमान तयार गर्नुपर्नेः**

(१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण या मर्मत सुधार कार्यको लागि बजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन गर्नु पर्नेछ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र कार्य अघि बढाउनु पर्नेछ।

**२०. पूर्वाधार आयोजना निर्माण, सन्चालन तथा व्यवस्थापनः**

(१) गाउँपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसूची -१ मा उल्लेखित पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु प्रचलित कानून तथा गाउँपालिकाबाट तोकिए बमोजिम सञ्चालन गर्नुपर्ने छ।

**२१. उपभोक्ता समिति मार्फत गर्न सकिनेः**

(१) रु १ करोड सम्मका विकास निर्माणका कार्य गराउँदा सम्वन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिने छ। तर, वातावरण संरक्षण, फोहोमैला व्यवस्थापन, सामुदायिक सुरक्षा, क्षमता विकास सम्बन्धी कार्य, पर्यटन प्रबर्द्धन, खानेपानी व्यवस्थापन, राष्ट्रिय प्रादेशिक अभियान प्रबर्द्धन जस्ता कार्य गराउँदा टोल विकास संस्था,

व्यवस्थापन समिति जस्ता लावान्वित परिवार समेटिने प्रकृतिका स्थायी समिति, संस्था जस्ता निकायबाट सम्पादन गर्न प्राथमिकता दिइनेछ।

(२) उपभोक्ता समितिको गठन स्थानीय लाभान्वित समुदायहरु मध्येबाट ५ देखि ९ जनासम्मको समिति गठन गरिने छ। यस्तो समितिमा न्यूनतम ३३ प्रतिशत महिला हुनुपर्ने छ।

(३) उपभोक्ता समितिको कार्यकाल सो पूर्वाधार निर्माण वा मर्मत कार्य गर्न लाग्ने समयको दोब्बर हुने छ। निर्माण सकिएपछि पनि निर्माण अवधि बरावरकै वाँकी समय रेखदेख र सम्भारको जिम्मेवारी समेत सो समितिले लिनुपर्नेछ।

(४) यस्तो समिति मार्फत गरिने निर्माण कार्यमा उपभोक्ताहरुले न्यूनतम १० प्रतिशत श्रमदान गर्नुपर्नेछ। यसमा नगद लागत सहभागिता जनाउने उपभोक्ता समितिलाई प्राथमिकता दिनुपर्नेछ।

(५) नगद सहभागिताको रकम सम्बन्धित उपभोक्ताहरुबाट उठाई समितिको खातामा जम्मा भएपछि मात्र गाउँपालिकाले पहिलो किस्ता निकासा गर्ने छ।

(६) गाउँपालिकाले अति विपन्न वर्ग वा अति विकट क्षेत्रमा बसोवास गर्ने स्थानमा सञ्चालन हुने आयोजना तथा कार्यक्रममा नगद सहभागिताको अंश कम वा अनिवार्य नगर्न सक्नेछ।

(७) गाउँपालिकाले उपभोक्ता समिति वा योजना तथा कार्यक्रम सञ्चालन गर्ने अन्य समिति वा निकायबाट सञ्चालन गरिने आयोजनाको रुपमा लागत अनुमानमा उल्लेख भएका विषय कार्यान्वयन गर्न आवश्यक पर्ने निर्माण सामाग्री तथा अनय वस्तु बजारबाट खरीद गरे पश्चात मात्र निर्माण वा योजना सञ्चालन हुने अवस्था बाहेक अनय निर्माण तथा योजना सम्बन्धी कार्यमा अग्रिम पेश्की दिइने छैन। कामको प्रगतीको आधारमा मात्र भुक्तानी दिनुपर्नेछ।

८) एउटा काम पूरा गर्ने गरी गाउँपालिकासँग सम्झौता भइसकेको उपभोक्ता समितिसाग सामान्यतयाः अर्को कार्य गर्ने गरी पुनः समितिसँग कुनै नयाँ सम्झौता गर्नुपर्ने पर्याप्त र उचित कारण भएमा कार्यपालिकाको निर्णय बमोजिम कार्यालयले आवश्यक व्यवस्था मिलाउने छ।

९) उपभोक्ता समिति वा निर्माण मर्मत सम्भार गर्ने जिम्मेवारी पाएको समितिबाट निर्माण वा मर्मत सम्भार गरिएका योजनाहरु सम्बन्धित उपभोक्ता समिति वा निर्माण मर्मत सम्भार गर्ने जिम्मेवारी पाएको समितिलाई नै हस्तान्तरण गरिनेछ। यसरी हस्तान्तरण तथा कार्यक्रम मर्मत सम्भार गर्ने दायित्व सम्बन्धित उपभोक्ता समिति वा निर्माण, मर्मत सम्भार गर्ने जिम्मेबारी पाएको समिति वा निकायको हुनेछ।

१०) रु.५ लाखसम्मको योजना वा कार्यक्रम सञ्चालन गर्ने उपभोक्ता समिति वा निर्माण मर्मत सम्भार गर्ने जिम्मेवारी पाएको समितिले उक्त योजना या कार्यक्रमको मर्मत सम्भार स्वयंले गर्नुपर्ने छ।

११) योजना हस्तान्तरण जिम्मा लिने समितिले गाउँपालिबाबाट तोकिए बमोजिम मर्मत सम्भार शुल्क लिन पाउनेछ। गाउँपालिका वा वडाबाट एक आर्थिक वर्षमा कुनै काम सम्पन्न भएको विषयमा पर्याप्त कारण र आधार बाहेक पुनः सोही कार्य सम्पादन गर्न बजेट व्यवस्था गरिने छैन।

१२) उल्लेखित भएबाहेक उपभोक्ता समिति गठन, योजना या कार्यक्रम सम्पन्न गर्नुपर्ने अवधी, स्रोत परिचालन, हस्तान्तरण, सेवा शुल्क निर्धारण, मर्मत संभार, सेवा प्रवाहमा आंशिक या पूर्ण बन्देज लगाउने शर्तको व्यवस्था जस्ता विषय तोकिए बमोजिम हुनेछ।

२४.पूर्वाधार मर्मत संभार कोषः

(१) गाउँपालिका भित्र रहेका गाउँ स्तरीय वा सघं-प्रदेश स्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत गरी सेवा गर्न पूर्वाधार मर्मत कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोषमा पूर्वाधार संरचना सडक, खानेपानी ईत्यादिबाट प्राप्त रोयल्टि रकमको तोकिए बमोजिम प्रतिशत रकम दाखिला गरिनेछ ।

## परिच्छेद ७

## पूर्वाधार अनुगमन तथा मूल्याँकन सम्बन्धी व्यवस्था

२५. पूर्वाधार अनुगमन समितिको गठनः

(१) गाउँपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तर्गत निर्माण हुने ठूला आयोजना तथा गाउँपालिकाको आफ्नै बजेटबाट निर्माण हुने ३० लाख भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एवं मर्मत सम्भार कार्यहरुको गुणस्तर र समयवद्ध प्रगति अनुगमन सम्बन्धि काम गर्नका लागि क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु सम्मिलित एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष संयोजक

(ख) पूर्वाधारको मुख्य काम हुने वडाको बडाध्यक्ष सदस्य

(ग) स्थानीय विज्ञहरु मध्ये कार्यपालिकाले तोकेको एक महिला सहित २ जना सदस्य

(घ) गाउँपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख सदस्य सचिव

२६. समितिको बैठक र निर्णयः

(१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले लोकेको मिति, समय र स्थानमा बस्नेछ ।

२७. अनुगमन पश्चात निर्देशन दिन सक्नेः

(१) पूर्वाधार अनुगमन समितिले निर्माण वा कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयवद्ध प्रगति तालिका प्राप्त गरि सो बमोजिम अनुगमन गरेर निर्माण व्यवसायीहरुलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिस गर्ने दायित्व समितिको हुनेछ ।

२८. सहमति दिनुपर्ने - गाउँपालिका आफैँले सञ्चालन गर्ने ३० लाख माथि लागत पूर्वाधारहरुको निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायीलाई अन्तिम किस्ता भूक्तानी गर्न अनुगमन समितिको सहमति दिनु पर्नेछ ।

२९.	कारबाहीको सिफारिस गर्न सक्नेः गाउँपालिका क्षेत्रभित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयाोजना अनुगमन गर्दा गुणस्तरमा कमेजोरी भएको वा खण्डमा निर्माण व्यवसायीकै लापरबाहीका कारण निर्धारित समय भित्रको प्रगति नदेखिएमा अनुगमन समितिले सम्वन्धित निर्माण व्यवसायीलाई कारबाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो गाउँपालिका भित्र उक्त व्यवसायीलाइ्र आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ।

३०.	कालो सूचीमा राख्नेः

(१) देहायको अवस्थामा गाउँपालिका कार्यालयले सबै प्रकारका निर्माण व्यवसायीलाई भविश्यमा निर्माण कार्य नदिने गरि कालो सूचीमा राख्न सक्नेछ ः

(क) कुनै फौजदारी कसूरमा अदालतबाट  दोषि ठहर भएमा,

(ख) पूर्वाधार निर्माणको छनौट लागू भई सम्झौता गरेर ३ महिनासम्म काम शुरु नगरेमा

(ग) सम्झौता अनुरुपको दायित्व पालना गरेको सम्झौता बमोजिमको गुणस्तर नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरिद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्की दिई खरिद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा

(च) अन्य यस्तै कुनै कसूर गरेमा

(२) उपरोक्त बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सकिनेछ ।

३१. प्राविधिक मूल्याँकन गर्नुपर्नेः

(१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्याँकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशालाको व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद ८

## सार्वजनिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण ताथा सञ्चालन

३२. निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्नेः

(१) यस ऐन वमोजिम कुनै व्यक्ति , स्थानीय निर्माण व्यवसायी , संस्था वा कम्पनीसँग गाउँपालिकाले खानेपानी, विद्युत ,सडक,सरसफाईसँग सम्बन्धीत संरचना  वा पूर्वाधारहरुको निर्माण , सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझेदारी गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले पूर्वाधारको आस्था, आवश्यकता र उपयाृगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडलहरु अवलम्बन गरी नीजि साझेदारसँग लागानी प्राप्त प्रतिफल बाँडफाँड गर्ने गरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछ ।

(क) निर्माण तथा व्यवस्थापनः अधिकतम ५ वर्षका लागि

(ख) निर्माण, सञ्चालन तथा हस्तान्तरणः ५ वर्ष देखि २० वर्षका लागि

(ग) निर्माण, स्वामित्वकरण, सञ्चालन तथा हस्तान्तरणः २० देखि २२ वर्षका लागि

(घ) लिज वा कन्सेसनः सम्झौतामा तोकिए बमोजिमका अधिकतम २२ वर्ष

३३. प्रस्ताव आव्हान गर्न सक्नेः

(१) गाउँपालिकाले घ वर्गको इजाजतपत्र प्राप्त गरे बमोजिम पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि मनसायपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति,संस्था वा नीजि व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोनि प्रस्ताव पेश गर्नु पर्दछ ः

(क) निमर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) वित्तिय श्रोत, वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(घ) कार्यान्वयनका विवरण

(ङ) परियोजना कायान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु,

(च) परियोजनाको नक्सा तथा ड्रइङ, डिजाइन

(छ) प्रस्तावित शुल्क करार अवधी

३४. प्रस्ताव छनौट र संझौताः

(१) प्राप्त भएका प्रस्तावउपर गाउँपालिकाले विज्ञ टोलीद्धारा आधारहरुमा मूल्यांकनकागराई प्रस्ताव छनोट गर्न सक्नेछः

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयन्टि रकम

(घ) लिज अवधी

(ड) प्रविधीको नौलोपन, स्थानीय रोजगारीको अवसर बृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावक सँग गाउँपालिकाले अवधि किटान गरि साझेदारी सम्झौता गर्न सक्नेछ।

३५. संचालन तथा व्यवस्थापनः (१) संझौता अवधिभरी पूर्वाधार संरचनाको संचालन तया व्यवस्थापनको दायित्व सम्बन्धीत साझेदारको हुनेछ। सम्झौतमा हेरफेर गर्नुपरेमा निजी साझेदार बा गाउँपालिकाको तर्फबाट एक अर्कालाई प्रस्ताव गर्नुपर्ने र आपसी समझदारीबाट बुदाहरुमा हेरफेर हुन सक्ने छ।

## परिच्छेद ९

## वातावरण, भूसंरक्षण तथा वैकल्पीक उर्जा

३६. वातावणीय प्रभाव मूल्याँकन सम्बन्धी व्यवस्थाः

(१) गाउँपालिकाले १ करोड देखि १० करोडसम्म लागत भएका पूर्वाधार आयोजनाहरुको वातावरणीय परिक्षण १० करोड भन्दा माथिको लागत भएका पूवाधारहरुमा वातावरण प्रभाव मूल्याँकन गराउनु पर्ने छ ।

(२) आयोजनाको वातावरणीय परिक्षण र स्वीकृक्ति गाउँपालिका स्वयंले गर्न सक्नेछ ।

(३) वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको लागि सोको प्रतिलिपि गाउँपालिकामा पेश भए पश्चात् सरोकारवालाको राय सुझाव माग गर्न १५ दिनको म्याद राखी सार्वजनिक सूचना पाटीमा टाँस गरिनेछ ।

(४) निजी सेवा प्रदायक वा कमपनी वा संस्थाबाट पर्यावरणीय तथा सामाजिक लागत न्यूनिकरण उपायहरु अन्तर्गत छुट्याइएको रकम एकमुष्ट वा गाउँपालिकाले तोकिदिएको कोषमा जम्मा गर्नुपर्ने छ । यस्तो रकम गाउँपालिकाले प्रभावित क्षेत्रमा वर्गीकरण गरी परिचालन गर्नुपर्नेछ ।

३७. बैकल्पिक ऊर्जालाई प्रोत्साहनः पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा वैकल्पिक उर्जालाई प्रोत्साहन गर्नुपर्ने छ।

(१) कसैले निजी घर, संस्था वा निकायमा सोलार, बायोग्याँ ंस, सुधारिएको चुल्हो लगायतका वैकल्पीक उर्जा जडान गर्नुअघि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्ने छ। यसरी जानकारी नगराएमा कुनैपनि तहको सरकारबाट पाउने अनुदान या सहयोग दिइने छैन ।

(२) घरेलू शौचालयलाई बायोग्यांस उत्पादनमा प्रयोग गर्ने वा सेप्टिक टैंक बनाउने घरधुरीलाई सम्पत्ति कर वा मालपोतमा १० प्रतिशतसम्म छुट दिन सक्ने छ ।

(३) वैकल्पिक उजालाई प्रबर्द्धन गर्न अन्य व्यवस्था र सो सम्बन्धि मापदण्ड र कार्यविधि तोकिए बमोजिम हुनेछ।

३८. भूक्षय नियन्त्रण सम्बन्धी कार्यगर्न सक्नेः

(१) गाउँपालिका भित्रको भूक्षयग्रस्त सार्वजनिक जग्गा, खोला पाखो किनार वा सडक किनारामा बाँस तथा फलफूलजन्य वनस्पतिको रोपण गर्न स्थानीय समुदायलाई अनुमति दिन सक्नेछ।

(२) यस्तो कार्यका लागि सम्बन्धित क्षेत्रका व्यक्ति वा समूहले स्थान तोकी वृक्षारोपणका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्ने छ।

(३) वृक्षारोपणका लागि प्रस्तावित क्षेत्र व्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुर्याउने खालको हुनु हुदैन।

(४) प्रस्तावित स्थल उपयुक्त देखेमा गाउँपालिकाले अधिकतम ७ वर्षका लागि वृक्षारोपण गर्न र मो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्ने छ।

(५) उपरोक्त बमोजिम अनुमति दिदा सडक छेउको हकमा सम्बन्धीत संधियारलाई प्राथमिकता दिनु पर्नेछ।

(६) नदी, खोला क्षेत्रमा करीडोर मार्गको निमांण गरी नदी कटान रोकथामको लागि बायो इन्जिनियरिङ कार्यलाई प्राथमिक्ता दिने।

३९. फोहरमैला तथा फोहरपानी व्यवस्थापनः

(१) गाउँपालिकाा भित्र उत्सर्जन हुने ठोस तथा तरल फोहरहरुलाई यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना बनाउनु पर्नेछ।

(२) गाउँपालिका भित्र फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट निमर्माण गर्न अन्य गाउँपालिकाा संग समन्वय गर्न सक्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) र (२) बमोजिम कार्य गर्न दुई वा दुई भन्दा बढी स्थानीय तहबीच सहमति भएमा सहमति भएको कार्यढांचा बमोजिम साकेदारीमा काम गर्न बाधा परेको मानिनै छैन।

**परिच्छेद १०**

**शहरी व्यवस्थापन सम्बन्धि**

४०. शहरी व्यवस्थापन सम्बन्धी निषेध गरिएको: (१) कसैले पनि गाउँपालिकाा क्षेत्रभित्र तोकिएको स्थानमा बाहेक अन्यत्र पार्किङ गर्न पाउने छैन।

(२) नयाँ बन्ने व्यवसायिक सपिङ मल तथा होटल तथा व्यवसाय संचालन गर्नेले सडकको क्षेत्राधिकार बाहिर पार्किड गराउँदा भूमिगत पार्किङ स्थल वा अन्य पाकिंड स्थल व्यवस्था गर्नुपर्ने छ

(३) गाउँपालिकाको बजार, विद्यालय क्षेत्रमा अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन निषेध गरिएको छ।

(४) गाउँपालिका क्षेत्रभित्र तोकिएको गतिभन्दा बढी गतिमा सवारी साधन चलाउन पाइने छैन।

(५) गाउँपालिकाले तोकिएको क्षेत्रभित्र बाहेक जथाभावी सावर्जजनिक स्थलमा पशुपन्छी छोडन पाइने छैन।

४१. सार्वजनिक स्थलमा धुमपान गर्न नपाइनेः कसैले पनि गाउँपालिकाा क्षेत्रभित्रका सार्वजनक स्थलमा धुम्रपान गर्न पाउने छैन। यस सम्बन्धमा गाउँकार्यपालिकाले आवश्यक मापदण्ड जारी गर्न सक्ने छ।

४२) जथाभावी विज्ञापन जन्य बोर्ड र सामगी राखन नपाइनेः गाउँपालिका क्षेत्रभित्र अनुमति नलिई तोकिएको मापदण्ड बाहिर रही जथाभावी विज्ञापनजन्य साइनबोडी वा सामाग्री राखन पाइने छैन। यस सम्बन्धी थप मापदण्ड कार्यपालिकाले तयार गरी जारी गर्न सक्नेछ।

४४) कसुर, दण्ड सजायः यस ऐनले निषेधित गरेका कार्य गरेमा गाउँ कार्यपालिकाको निर्णय अनुसार कसुरको प्रक्ति हेरि सजाय तोक्न सक्नेछ। प्रचलित कानूनी व्यवस्था अनुसार वप कार्वाही र दण्ड सजाय समेत सम्बन्धित निकायले तोक्न सक्नेछ।

४५) पुनरावेदनः यसरी कसुर बापत दण्ड सजय उपर चित्त नबुझेमा सम्बन्धित व्यक्ति वा संस्थाले कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्ने र कार्यपालिकाको निर्णयबाट समेत चित्त नबुझेमा कानूनी निकायमा गई पुनरावेदन गर्न सक्नेछ।

**परिच्छेद १०**

**विविध**

४६. क्रसर उद्योग सम्बन्धि व्यवस्थाः क्रसर उद्योगको दर्ता, नियमन गतथा कारवाही सम्बन्धि व्यवस्था प्रचलित सघीय तथा प्रदेश कानून र तोकिए बमोजिम हुनेछ।

४७. पुरस्कार सम्बन्धि व्यवस्थाः तोकर्काएको समयावधिभन्दा पहिले निमर्माण सम्पन्न गर्ने उपभोका समिति वा निर्माण व्यवसायीलाई गाउँपालिकााले पुरस्कार वा सम्मान प्रदान गर्न सक्नेछ।

४८. अन्तर स्थानीय समन्वयः एक भन्दा बढी गाउँपालिकाा जोडिने वा सरोकार राख्ने पूर्वाधार निर्माण तथा मर्मत कार्यका लागि गाउँ कार्यपालिकाबाट अनुमोदन गराई गर्नु पर्नेछ।

४९. साधन तथा सामाग्री खरीद गर्न सक्नेः गाउँपालिकााले सडक, पूर्वाधार निर्माणका लागि आवश्यक

अनुसूचि २ मा उल्लेखित साधन तथा सामाग्री स्रोत परिचालनका लागि खरीद गर्न सक्नेछ।

५०. गाउँपालिकाले आफ्नो सवारी साधन र निर्माण सामाग्री प्रयोग गर्न सक्नेः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सडकहरुको निर्माण, मर्मत सम्भार, विस्तार स्तरोन्नती तथा खोल्सा, खोल्सी,कुलोको समंक्षणका लागि कार्ययोजना बनाई कायर्यान्वियन गर्नु पर्नेछ। यसरी आफ्नो निर्माण समाग्री र सवारी साधन प्रयोग गरी कुनै सार्वजनिक निर्माण वा मर्मत गर्दा आवश्यक मापदण्ड बनाइने छ।

५१. सडक तथा बाटो सम्बन्धि विशेष व्यवस्थाः परम्परागत रुपमा प्रयोग हुदै आएको चलनचल्तीमा रहेका तर नापी नकसामा उल्लेख नभएका बाटा तथा गोरेटोहरुलाई औचितयताका आधारमा गाउँपालिकाले कायम गर्न सक्नेछ।

५२. शुचारु राख्नेः गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सडकहरु जुनसुकै बेला शुचारु राख्न आवश्यक साधान, स्रोत र जनशक्ति परिचालन गर्न सक्नेछ। त्यस्तै, प्राकृतिक तथा अन्य कारणले बन्द भएका मार्गहरु शुचारु तत्काल यसै कानून अनुसार गर्न सकिनेछ भने सो वापत लागेको लागत कार्यपालिकाले अनुमोदन गरी निकासा गराउनुपर्ने छ।

५४. बोर्ड गठन गर्न सक्नेः गाउँपालिकााले आवश्यकता अनुसार सडक पूर्वाधारहरुलाई नियमित गर्न सहक्र बोर्ड गठन गरी आवश्यक अधिकार प्रत्यायोजन गर्न सक्नेछ। यसरी गठन हुने बोर्डको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

५५. नियमक समिति गठनः सडक, यातायातलाई व्यवस्थित, नियमित नागरिक मैत्री बनाई सञ्चालन गर्न गाउँपालिकााले आवश्यक कार्यविधि बनाई नियमक समिति गठन गर्न सक्नेछ। यसले बसपार्क,भाडा, शुल्क निर्धारण लगायतका कार्य गर्न सक्नेछ।

५६. सार्वजनिक यातायात सञ्चालनः गाउँपालिकााले आवश्यकताका आधारमा सरकारी स्वामित्वमा सार्वजनिक यायातात सञ्चालन गर्न सक्नेछ । निजी क्षेत्रसंगको लागत साकेदारीमा सञ्चालन गर्न सार्वजनिक यातायात सम्बन्धि मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ।

५७. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमाप्रचलित कानून बमोजिम हुनेछ।

५८. नियम वनाउन सक्नेः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका व कार्यविधि बनाउन सक्नेछ।

५९. बचाऊः १) यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

२) गाउँपालिका क्षेत्रभित्र वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि कार्यपालिकाबाट छुट्टै मापदण्ड नबनेसम्मका लागि साविकमा गाउँपालिकाबाट लागू मापदण्ड यो ऐनसंग नबाझिएको हदसम्म यसै ऐन बमोजिम भएको मानिनेछ।

**अनुसूची (१)**

**दफा २ )च) संग सम्बन्धित**

(क) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिचाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(ख) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुड्ने पुल, पुल पुलेसा, सिंचाई र तटबन्द सम्बन्धी स्थानीय तह गुरुयोजना तर्जुमा, निर्माण स्तरोन्नतीको आयोजना पहिचान, अध्ययन, कार्यान्वयवन, मर्मत सम्भार र नियमन

(ग) स्थानीय स्तरमा टुली वस, ट्राम जस्ता मध्यम स्तरका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन

(घ) राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी मेट्रोसिटी) क्षेत्रभित्र शहरी रेल मेवा संचालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, सहकार्य

ङ) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन

(च) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन नियमन

(छ) खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी

(ज) साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन

(ट) स्थानीय खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड र योजना, कार्यान्वयवन र नियमन

(ठ) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन

(ड) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत सम्भार, सेवा शुल्क निधारण र संकलन व्यवस्थापन

(ड) स्थानीय तटबन्द नदी पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

(ण) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयवन र नियमन

(त) स्थानीय स्तरमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि तथा प्रवर्द्धन

(थ) गाउँ भ्यु टावर, होम स्टे, पर्यटन विकास, प्रवर्धन, यस सम्बन्धी गुरु योजना

(द) गाउँ हस्पिटल, वडा स्तरमा खेल्कुद मैदान, अपाङ्ग मैत्री सस्थागत संरचना निर्माणको व्यवस्थापन, संचालन र नियमन

(ध) औद्योगिक मेला, गाउँ प्रमुख रनीड सिल प्रतियोगिता, व्यवस्थापन, संचालन र नियमन

**अनुसूची (२)**

दफा ४९ सँग सम्बन्धित स्काभेटर, व्याकलोडर, आइचर, ट्र्याक्टर, टिप्पर, कमप्रेसर, रोलर।

सडकको क्षेत्राधिकार सम्बन्धि व्यवस्था

(दफा ३ को उपदफा (१) र दफा ४ को उपदफा १ दफा ९ को उपदफा (३) संग सम्बन्धित

| **क.स** | **सडकको शुरु र अन्तिम बिन्दु** | **सडकको वर्गीकरण** | **सम्बन्धित वडाहरु** | **सडकको अधिकार क्षेत्र( केन्द्र रेखाबाट)** | **फासल** |
|---|---|---|---|---|---|
| | | | | | |

आज्ञाले
रमेश सुनुवार
प्रमुख प्रशासकीय अधिकृत